सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive ☎ ९८५७८२४२५३
सिम्ली, रुकुम (पश्चिम भाग)
Simli, Rukum (West Part)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
टोल फ्रि नं. १८१०५०००१४६
Google plus code:J8XQ+HW2
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com

## सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८२/०७/१७**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका कार्यालयको निर्णय बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि यस कार्यालयले तोकेको दर रेटको आधारमा वार्षिक न्यूनतम रकम बाट बढाबढ हुनेगरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सिलबन्दी दरभाउ पत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्ममा नवीकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, नियमानुसारको कर चुक्ता प्रमाणपत्र, नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सानीभेरी गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ वा https://sanibherimun.gov.np मा हेर्न सकिनेछ ।

| ठेक्का नं | सिलबन्दी दरभाउ पत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम अङ्क (VAT बाहेक) | सिलबन्दी दरभाउ पत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| Re-SQ/SRM/03/082/083 | सिस्नेखोला देखि स्यालेबगर खण्ड वडा न २ | २,००५८९.२ | १००२९४६.०० | रु १००० | कबोल अंकको ५ प्रतिशत |
| Re-SQ/SRM/05/082/083 | नायखोला देखि रिम्ना दोभान खण्ड वडा न ४ | ३००४३१.७६८ | १५,०२१५८.८४ | रु १००० | कबोल अंकको ५ प्रतिशत |
| Re-SQ/SRM/06/082/083 | स्यालेबगर देखि छोटेबगर वडा न ७ | २००७८६.९६ | १००३९३४.८२ | रु १००० | कबोल अंकको ५ प्रतिशत |

१. सिलबन्दी दरभाउ पत्रफाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखा बाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर लक्ष्मी सनराइज बैंक सानीभेरीशाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नु पर्नेछ। नियमानुसार दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्रहरु ८ औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी दरभाउ पत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र दाताको रोहबरमा खोलिनेछ। सिलबन्दी दरभाउ पत्र दाताहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउ पत्र खोल्न कुनै बाधा पर्नेछैन।

२. यस कार्यालयबाट प्रमाणित भएका सिलबन्दी दरभाउ पत्र फारामहरु सिलबन्दी दरभाउ पत्र दाता स्वयं वा रित पूर्वक लिखित वारेसपठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउ पत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर को प्रमाणपत्र तथा नियमानुसारको कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नुपर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र सिलबन्दी दरभाउ पत्र दस्तुर वापत नगद तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउ पत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुनआउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको लक्ष्मी सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यताप्राप्त बैंकले यस कार्यालयको नाममा सोहि

रकम बराबरको कम्तिमा ७५ दिन म्यादभएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रको साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

५. यसपूर्व यस कार्यालयबाट कुनैपनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको सिलबन्दी दरभाउ पत्र लाई मान्यता दिईने छैन। तर सिलबन्दी दरभाउ पत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेमा सिलबन्दी दरभाउ पत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउँकार्यपालिको निर्णय अन्तिम हुनेछ ।

७. ठेकेदारले संझौता पत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालबस्तु वा दररेटमा उठाउन पाइने छैन । पट्टा पुर्जीमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुने गरी संकलन गरेमा नियमानुसार कारबाही गरिनेछ ।

८. गाउँकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नोतर्फबाटछपाइ सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गरी प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुबाट कुनै समस्या आइपरेमा गाउँकार्यपालिको कार्यालय जवाफदेही हुनेछैन ।

९. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइनेछैन ।

१०. ठेकेदारले गाउँपालिकाको राजश्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ ।

११. गाउँकार्यपालिकासँग ठेक्का सम्झौता गरेको ठेकेदारले IEE नभएको स्थानबाट ढुँगा, गिट्टी, बालुवा र ग्राभेल संकलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय (सुरक्षा तथा बन कार्यालय) हरुको सहयोग लिई आवश्यक कारबाही गर्नुपर्ने छ । साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तव्य हुनेछ।

१२. ठेकेदारले भिजेको चिसो बालुवाबाट पानी बगी बाटो विगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ । ढुंगा गिटी बालुवा ग्रावेल, छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्ने छ ।

१३. सिलबन्दी दरभाउ पत्र स्वीकृत भई सकेपछि सिलबन्दी दरभाउ पत्र दाताले मान्यताप्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८४ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ।

१४. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो किस्ता ६०प्रतिशत र अन्तिम किस्ता ४०प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशतसम्झौताको बखत नगद दाखिलागरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी(Performance Bond) पेश गर्नुपर्नेछ ४०प्रतिशत रकमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ।

१५. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनकालागि लोडर,डोजर, एक्साभेटर, जेसिवि र ६ चक्के टायर भएकाहेवि इक्विप्मेन्टप्रयोग गर्न मिल्नेछैन।

१६. ढुंगा गिट्टी बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा संकलन कार्य बेलुका सूर्यास्त देखि बिहान सूर्योदय सम्म गर्न पाइने छैन।

१७. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्रीवितरण संकलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकताअनुसार डिपोनिर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ।

२०८०।०६।१६

१८. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमाघाटगद्धि गर्न पाइने छैन। त्यसका लागि सिलबन्दी दरभाउ पत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ।

१९. कुनैपनि बन्द,हडताल, प्राकृतिक प्रकोप आदिकारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन। नदिजन्य पदार्थउत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा सिलबन्दी दरभाउ पत्र दाताले व्यवस्थापन गर्नुपर्नेछ।

२०. माथि उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ। साथै असुल गर्न बाँकी रकममा १०प्रतिशत थप क्षतिपुर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२१. अन्य कुराहरु ढुङ्गा, गिटि, वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन संवन्धी मापदण्ड २०७७ ले गरेको व्यवस्था अनुसार हुनेछ।

२०७८/०६/१६

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत